तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : ६ | मिति : २०७७/०८/२२

भाग-२

तमानखोला गाउँपालिका

## ज्येष्ठ नागरिक सम्मान सम्बन्धी कार्यविधि, २०७७

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना :**

यस तमानखोला गाउँपालिकामा रहेका नेपाल सरकारले तोकेको जेष्ठ नागरिकको उमेर पुगेका नागरिकहरु मध्ये बढी उमेर भएका नागरिकहरुलाई सम्मान गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्ररम्भ :** यो कार्यविधिको नाम ज्येष्ठ नागरिक सम्मान सम्बन्धी कार्यविधि २०७७ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. ज्येष्ठ नागरिक सम्मानका लागि गठित समितिको काम कर्तव्य र अधिकार :

- ज्येष्ठ नागरिक सम्मान गर्दा समय परिस्थिति अनुसार आबश्यक जिन्सी वा नगदले सम्मान गरिनेछ ।
- ज्येष्ठ नागरिक सम्मान समितिको बैठक आवश्यकता अनुसार ज्येष्ठ नागगिक सम्मान समितिको अध्यक्षले तोकेको समय मिति र स्थानमा बस्नेछ । जेष्ठ नागरीक सम्मान समिति अनुसुचि १ बमोजिमको हुनेछ ।
- ज्येष्ठ नागरिक कल्याण समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
- यस तमानखोला गाउँपालिकामा रहनुभएका ज्येष्ठ नागरिकको संख्यालाई मध्यनजर गरी बार्षिक रुपमा समितिको निर्णय अनुसार ज्येष्ठ नागरिकलाई सम्मान गर्नको लागि यस कार्यविधि तयार गरिएको छ ।
- यस तमानखोला गाउँपालिकाका वडा समितिको रोहवरमा ज्येष्ठ नागरिकको पहिचान गरी सो कार्यक्रम गरिनेछ ।
- गाउँपालिका भन्नाले तमानखोला गाउँपालिका बुझिन्छ ।
- अध्यक्ष भन्नाले तमानखोला गाउँपालिका अध्यक्ष लाई बुझिन्छ ।
- प्रमुख प्रशासकिय अधिकृत भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई बुझिन्छ ।
- वडा अध्यक्ष भन्नाले तमानखोला गाउँपालिकका प्रत्येक वडाका वडा अध्यक्ष लाई बुझिन्छ ।
- सदस्य भन्नाले ज्येष्ठ नागरिक सम्मान समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।
- ज्येष्ठ नागरिक भन्नाले नेपाल सरकारको ज्येष्ठ नागरिक निर्धारण ऐन नियम अनुसारका उमेर पुगेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिक भनिनेछ ।

४.संशोधन तथा बाधा अड्काउ फुकाउ :

- यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा वा समस्या परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।
- यस कार्यविधिलाई आवश्यकतानुसार कार्यपालिकाले परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

**अनुसुचि-१**

यस तमानखोला गाउँपालिकामा रहेका ज्येष्ठ नागरिकहरुको मनोबल बढाउन साथै स्वस्थ्य जिवनयापनका लागि सम्मानको कार्यक्रम संचालन गर्न दोहायको एक ज्येष्ठ नागरिक सम्मान समिति रहनेछ ।

- तमानखोला गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष
- तमानखोला गाउँपालिकाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य
- विषयगत शाखाको कर्मचारी - सदस्य
- प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव